# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
(१ नं. प्रदेश), नेपाल


प.सं. २०७८/०७९
च.नं. १२८४

मितिः २०७८/०९/११

**बिषयः माग फाराम पेश गर्ने सम्बन्धमा ।**

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा।

प्रस्तुत सम्बन्धमा चालू आ.व. २०७८/०७९ मा शिक्षा क्षेत्रको ससर्त कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी तथा वालविकास केन्द्रका शिक्षकको लागि प्रथम चौमासिकको तलव भत्ता वापतको रकम निकासा भइसकेको र हालदेखी त्रैमासिक रुपमा उपलब्ध गराइने भएको हुँदा दोस्रो त्रैमासिकको निकासाको लागि मिति २०७८/०९/१८ गतेभित्र तपसिलमा उल्लेख भए बमोजिम माग फाराम पेश गर्नहुन अनुरोध छ।

तपसिलः

१. दोस्रो त्रैमासिक अन्तरगत मंसिर र पुस महिनाको तलव भत्ता वापतको रकम माग गर्ने,
२. सामुदायिक विद्यालयका शिक्षक, विद्यालय कर्मचारी र वालविकास केन्द्रका शिक्षकहरुको तलव भत्ता वापतको रकम यकिन गरी माग गर्ने,
३. आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१० मा शिक्षण सहयोग अनुदान प्राप्त गरेका विद्यालयहरुले नियुक्त शिक्षकको व्यक्तिगत फाइल सहित हाजिर भएको मितिबाट लागु हुने गरी माग गर्ने,
४. माग फारामको साथमा गत आ.व. २०७७/०७८ को सामाजिक परीक्षण प्रतिवेदन अनिवार्यरुपमा पेश गर्ने,

महेन्द्रराज राई
निमित्त प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०३७-५२०२१३ E-mail:siddhicharanmunicipality@gmail.com Website:siddhicharanmun.gov.np
:edusiddhicharan@gmail.com